**श्री हंसे-दुम्से सामूदायिक वन उपभोक्तता समूह दमक- २,३ झ.पा**

**बिषय :- जंगल प्रवेश सवारी शुल्क बोलपत्र आवहानको सुचना ।**

**तेस्रो पटक प्रकाशित मिति : २०७७।०४।०७**

प्रस्तुत विषयमा हंसेदुम्से सा.व.उ.स.को मिति २०७७।०३।२२ गतेको कार्य समितिको निर्णय अनुसार यस समूहको जङ्गल भित्र प्रवेश भई संचालन हुने सवारी साधनहरुमा सवारी शुल्क पटकै पिच्छे प्रवेश शुल्क लिने गरि आ.व. २०७७/०७८ बर्ष १ का लागि ठेक्का लगाउने समितिको मिति २०७७।०३।२२ गते निर्णय भएकोले सर्व साधारण सबैको लागि ३ दिने तेस्रो पटक सुचना प्रकासित गरिएको छ । उक्त ठेक्का लिन ईच्छुक मानुभावहरुले तपसिल बमोजिमको सेवा, सर्तको बन्देजमा रहि गोप्य सिलबन्दी बोल पत्र यस कार्यालयमा दाखिला गर्नु हुन यस सुचना द्वारा सैलाई जानकारी गराईन्छ

**तपसिल**

१. बोलपत्र फारम दस्तुर रु. १०००।- (एक हजार) फिर्ता नहुने नगदि रसिद लिई २०७७।०४।०९ गते बेलुका ४: बजे सम्मना बोलपत्र फायल लिई सक्नु पर्ने ।

२. गोप्य सिलबन्दी दर्ता गर्ने अन्तिम मिति २०७७।०४।११ गते दिउसो २:०० बजे भित्रमा हंसेदुम्से सा.व.उ.स.को कार्यालयमा दर्ता गराई सक्नु पर्ने ।

३. गोप्य बोलपत्र मिति २०७७।०४।११ गते दिउसो ३:०० बजे खोलिनेछ । बोलपत्र खोल्दा ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने अर्थात साक्षीहरुको रोहवरमा खोलिनेछ ।

४. बोलपत्रको अवधि २०७७ श्रावण गते देखि २०७८ आषाढ मसान्त सम्म १ बर्षको हुनेछ ।

५. बोलपत्रका साथ रु. १०।- निवेदन दस्तर, फरम खरिद गरेको रसिद, नागरिकताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

६. आफुले कबोल गरेको अंकको १००% (रकम अग्रिम भुक्तानी) यस सा.व.उ.स. को रा.बा. बैंक दमक शाखाको ब.हि.नं. २१४०००८५८७१० मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ गोप्य रुपमा दाखिला गर्नु पर्नेछ ।

७. जंगल प्रवेश सवारी शुल्कको न्युनतम डाक अङ्क ३३,०१,००।- (तेतिस लाख एक हजार) रुपैयाबाट बढाबढ गर्नु पर्नेछ

८. उल्लेखित शर्त अनुसार कबोल गरेको रकमको १००% रकम अग्रिम जम्मा गरि सक्कल बैंक भौचर नबुझाएका ठेक्का स्विकृत गरिने छैन ।

९. रित नपुगि वा म्याद नाघेर आएको बोलपत्र उपर कुनै कारवाहि गरिने छैन ।

१०. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार समितिमा निहित हुनेछ ।

११. आफुले कबोल गरेको अङ्कमा १००% रकम अग्रिम जम्मा गरिठेक्का स्विकृत भएको अवस्थामा ठेकेदारले छुटपाँउ भनि ७ दिन भित्र निवेदन दिएमा यस सा.व.उ.स. बाट १०% रकम छुट दिईनेछ ।

१२. सवारी दर रेट

यस समितिको जङ्गल प्रवेश अथवा बेलडांगी सडक उत्तर वनक्षेत्र प्रवेश हुने सवारी साधनलाई निम्न बमोजिम सवारी शुल्क कायम गरिएकोछ ।

| | |
|---|---|
| क) निजि वा भाडाका टिपर | प्रति पटक पल्टा रु. ८० |
| ख) निजि वा भाडाका ट्रक | प्रति पटक पल्टा रु. ५५ |
| ग) निजि वा भाडाका मिनि ट्रक | प्रति पटक पल्टा रु. ४० |
| घ) निजि वा भाडाका टेक्टर | प्रति पटक पल्टा रु. ३५ |
| ङ) बिदेशी नंम्बरको बस वा ट्रक | प्रति पटक पल्टा रु. १०० |
| च) अर्को समितिबाट लकडी लिएर आएको ट्रक | प्रति पटक पल्टा रु. ३०० |
| छ) अर्को समितिबाट लकडी लिएर आएको ट्रेक्टर | प्रति पटक पल्टा रु. २०० |

नेट : सवारी शुल्क भन्नाले पटकै पिच्छे प्रवेश लिन पाईने शुल्कलाई बुझाउछ । सामूदायिक वन उपभोक्ता समुहको लगानीमा ब्लक नं. १ देखि ब्लक नं. ७ सम्मको सार्बजनिक बिकाश निर्माण कार्यमा प्रयोग भएका सवारी साधनमा सवारी शुल्क लिन पाईने छैन । अथवा सरकारी, संस्था, दमक न.पा. का सवारी तथा कुटनैतिक नियोगका सवारी साधनमा सवारी शुल्क लिन पाईने छैन । माथि उल्लेखित सवारी दर रेट उलङ्घन गरि शुल्क उठाएको पाइएमा समूहको निर्णय बमोजिम कारवाहि हुनेछ ।

१३. ठेक्का सम्बन्धि यस कार्यालयको सुचना पाटीमा टाँसेको सुचना सबैका लागि मान्य हुनेछ ।

१४. बोलपत्र फारम कम्तिमा दुई वटा दर्ता नभएमा बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार समितिमा निहित हुनेछ ।

१५. सवारी शुल्क लिन पाईने सडकहरु :

क) बेलडाँगी १ बाट उत्तर रतुवा खोला जाने सडक ।

क) बेलडाँगी २ र ३ बिचको गोदाम सम्म जाने सडक ।

क) चुलाचुली प्रा.बि. देखि उत्तर र पश्चिम मावा खोला देखि आउने सडक ।

क) सहिद वनबाटिका बाट जोगी चौक हुदै पुर्ब जाने सडक ।

१६. बोलपत्र स्विकृत भएपछि सम्झौता गर्न नआएमा बोलपत्र साथ जम्मा भएको १००% रकम स्वत जफत भई दोस्रोलाई प्रार्थमिकता दिईनेछ, दोस्रो पनि नआएमा तेस्रोलाई प्रार्थमिकता दिईनेछ ।

१७. ठेकेदारले रसिद छपाउदा दफा १२ को सवारी दर रेट रसिदमा स्पस्ट खुलाउनु पर्नेछ यदि रसिदमा दर रेट स्पस्ट नछापी शुल्क उठाएमा ठेक्का रद्द गरिनेछ ।